## सूचना ६

श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी सरकारहरूको अष्ट्रेलियाको राजकीय भ्रमण र अन्य मुलुकहरूको अनौपचारिक भ्रमणसाथ परराष्ट्र मन्त्रालयका सचिव श्री विश्व प्रधान जानुभएको र का. मु सचिव मुकरर हुनुभएका सह-सचिव श्री नरेन्द्रविक्रम शाह पनि सवारी भ्रमणमा सम्मिलित हुन हङकङतर्फ जानुभएकोले सचिव श्री विश्व प्रधान फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्रीमती बिन्देश्वरी शाहलाई मिति २०४२।५।३१ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
राधारमण उपाध्याय
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना १

जिल्ला कार्यालय, मकवानपुरका प्र. जि.अ. श्री केशवप्रसाद पौडेल घर बिदामा बस्नुभएकोले उहाँ हाजिर नभएसम्मको लागि सो प्र.जि.अ. पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री दुर्गाराज शर्मालाई मिति २०४२।५।१६ देखि कायम मुकायम मुकरर गरिएको छ ।

## सूचना २

जिल्ला कार्यालय, तनहुँका प्र. जि. अ. श्री माधबप्रसाद उपाध्याय घर बिदामा बस्नुभएकोले उहाँ हाजिर नभएसम्मको लागि सो प्र. जि. अ. पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी जिल्ला कार्यालय, स्याङजाका प्रशासकीय अधिकृत श्री बिष्णुराज कुसुमलाई मिति २०४२।५।२० देखि कायम मुकायम मुकरर गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

265